# पाठ ७

# तपाईंको समुदायमा चम्किनु

पानामाको नहर संग्राहलयमा एउटा पुरानो चिन्ह बत्ती छ। यो अठारौं शताब्दीमा फ्रान्समा बनाइएको थियो र फ्रेन्चहरूले जमीनबाट नहर बनाउने कोशिश गर्दा यसलाई पानामामा लगिएको थियो। रोग-बिमार र रुपियाँपैसाको कमीको कारणले तिनीहरूले निर्माण कार्य पूरा गर्न सकेनन्। यद्यपि, त्यो पुरानो बत्तीचाहिँ त्यहीँ नै रह्यो। धेरै वर्षसम्म यसले समुद्रका जहाजहरूका निम्ति चिन्हको काम गर्‍यो।

त्यस उज्यालोभित्र सानो मट्टितेलको बत्तीको लागि ठाउँ थियो। काट्टिएका ससाना शीशाहरू बत्तीको वरिपरि राखिएका थिए र तिनीहरूले प्रतिबिम्बको काम गर्थे। बत्तीको वरिपरि करीब ८०० प्रतिबिम्बहरू थिए। तिनीहरूको आफ्नै उज्यालोचाहिँ थिएन तर तिनीहरूले बत्तीको उज्यालोलाई प्रतिबिम्ब गरी पठाउने काम गर्थे। अनि यसरी मट्टितेलको बत्तीबाटको सानो उज्यालो सयौं पल्ट वृद्धि गरी शक्तिशाली र चम्किलो ज्योति बनाइन्थ्यो। धेरै वर्षसम्म यही उज्यालोद्वारा नै जहाजहरू र डुङ्गाहरूलाई समुद्री किनारमा पुग्नका लागि सङ्केत मिलेको थियो। यसले तिनीहरूलाई सुरक्षाको बाटो देखाएको थियो।



यसरी नै हामी ख्रीष्ट येशूको ज्योतिलाई संसारमा प्रतिबिम्बित गर्छौं। बाइबलले ख्रीष्टियानलाई ज्योति र नूनसँग तुलना गरेको छ। तपाईं आफ्नो समुदायलाई कसरी ज्योति र नून बनिदिन सक्नुहुन्छ सो यस पाठमा तपाईंले देख्नुहुनेछ। ख्रीष्टद्वारा तपाईंको मन अधीन भयो भने संसारलाई उहाँको प्रेम प्रकट गराउनको लागि तपाईंलाई सहयोग पुग्नेछ भन्ने कुरा पनि तपाईंले यहाँ देख्नुहुनेछ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

तपाईंको समुदायमा ज्योति बन्नु
तपाईंको समुदायमा नून बन्नु
नयाँ मन हुनु

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- नून र ज्योतिलाई ख्रीष्टियान जीवनका गुणहरूसँग तुलना गर्न सकिने तरीकाहरूलाई वर्णन गर्न।
- नयाँ मनका हुनुका नतिजाहरूलाई व्याख्या गर्न।

## तपाईंको समुदायमा ज्योति बन्नु

उद्देश्य १ *येशूको ज्योतिलाई ख्रीष्टियानले प्रतिबिम्बित गर्न सक्ने तरीकाहरूलाई वर्णन गर्नुहोस्।*

येशूले भन्नुभयो, "म संसारको ज्योति हुँ" (यूहन्ना ९:५)। उहाँले यसो पनि भन्नुभयो, "तिमीहरू संसारका ज्योति हौ... तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस् र तिनीहरूले तिमीहरूका सुकर्म देखून् र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्" (मत्ती ५:१४,१६)। हामी आफैमा कुनै ज्योति छैन, तर हामी ख्रीष्टको ज्योतिलाई प्रतिबिम्बित गर्छौं, जसरी पानामामा सानो बत्तीको ज्योतिलाई ठूलो बनाइ प्रतिबिम्बित गरिएको थियो।

ज्योतिको एउटा उद्देश्यचाहिँ मानिसहरूलाई देख्न र सुरक्षासाथ हिँड्नको लागि सम्भव पार्न बाटोहरूमा चम्किनु हो। बाइबलले बताउँछ, "तपाईंका वचन मेरा गोड़ाका निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो" (भजनसंग्रह ११९:१०५)। मानिसहरूले परमेश्वरको वचन पढ्दैनन् होला, तर तिनीहरूले हाम्रा जीवनलाई हेरिराखेका हुन्छन्। हामीले वचन अध्ययन गर्दा र यसको ज्योतिमा हिँड्दा, अरूहरूले पनि ठीक बाटो देख्न सक्नेछन्। हामी ख्रीष्टको ज्योतिको प्रतिबिम्ब भई सेवा गर्नेछौं र ख्रीष्टकहाँ आउने बाटो भेट्टाउनका लागि अरूहरूलाई सहायता पुऱ्याउनेछौं।



ज्योतिको अर्को उद्देश्यचाहिँ खतराको चेताउनी दिनु हो। पानीमुनि भएका चट्टानहरू वा चट्टानी किनारहरूको बारेमा जहाजहरूलाई चेताउनी दिनका लागि दीप-गृहको निर्माण गरिएको हुन्छ। धेरै समुद्री किनारहरूमा यस्ता खालका बत्तीहरू राखिएका हुन्छन्। पापको खतराहरूको चेताउनी दिनका लागि ज्योतिका रूपमा ख्रीष्टियानहरूले सेवा पुऱ्याउँछन्। बाइबलको अर्को पदले बताउँछ, "तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु" (भजन ११९:११)। पापलाई त्याग्न मात्र परमेश्वरको वचनले हामीलाई सहायता गर्ने होइन, तर अरूहरूलाई चेताउनी दिनका लागि पनि यो हाम्रो जीवनबाट प्रतिबिम्बित भएको हुन्छ। हामीले पापको विरुद्धमा घरीघरी चेताउनी दिनु आवश्यक छ।

कुराहरू जेजस्ता छन्, त्यस्तै देख्नको लागि पनि ज्योतिले सम्भव तुल्याउँछ। हिब्रू ४:१२-१३-ले बताउँछः

> किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुइ धारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड्को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्नेहुन्छ। परमेश्वरको दृष्टिमा

सृष्टिको कुनै कुरा छिपेको हुँदैन। उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्।

जब हाम्रा हृदयहरू परमेश्वरको वचनतर्फ खोलिएका हुन्छन्, परमेश्वरले हामीलाई देख्नुभएझैं यसले हामी आफैलाई देख्ने बनाउँछ। यसरी अहिलेसम्म ख्रीष्टियान नभएका मानिसहरूले जब हामीलाई हेर्छन्, तिनीहरूले आफ्नो पापको महसूस गर्न र परिवर्तन गर्न सक्ने येशूको शक्तिको आवश्यकतालाई बुझ्न सक्नुपर्छ। "तिमीहरू तिनीहरूका बीचमा ताराझैं चम्क र जीवनको वचन दह्रो गरी पक्रिराख" (फिलिप्पी २:१५-१६)।



**तपाईंको अभ्यासको निम्ति**

१ यस पाठमा दिइएका ज्योतिका तीन उद्देश्यहरूको नाम लेख्नुहोस्। ..................................................

..................................................

२ ख्रीष्टियानको हैसियतले हाम्रा सबै जिम्मामा यी उद्देश्यहरूलाई कसरी प्रयोग गर्न सकिन्छ? ..................................

..................................................

## तपाईंको समुदायमा नून बन्नु

उद्देश्य २ *आफ्नो समुदायमा ख्रीष्टियान कसरी नूनजस्तो हुन सक्छ, उल्लेख गर्नुहोस्।*

तिमीहरू पृथ्वीका नून हौ, तर नूनको स्वाद गयो भने त्यो केले फेरि नुनिलो पारिने र? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनुबाहेक अरू केही कामको हुँदैन (मत्ती ५:१३)।

नूनको एउटा कार्य वा उद्देश्य *शुद्ध पार्नु* हो। शुद्ध हुनु भनेको अर्थ "त्यसमा नहुनु पर्ने कुरा हुँदै नहुनु" हो। शुद्ध पार्नका लागि जब नून प्रयोग गरिन्छ, त्यसमा नहुनु पर्ने कुरालाई यसले नाश गरिदिन्छ।

पाकेको वा सुनिएको घाउलाई उपचार गर्नका लागि प्रायःजसो घरेलु औषधीका रूपमा नून-पानीलाई प्रयोग गरिन्छ। एक पल्ट मेरो बूढ़ी-औंलामा घाउ लागेको थियो। यो रातो भएको, सुनिएको र धेरै दुख्ने भएको थियो। तातो नुनिलो पानीमा मैले मेरो बूढ़ीऔंला डुबाउनुपर्छ भनी मेरी श्रीमतीले मलाई सल्लाह दिइन्। मलाई त्यसो गर्न मन लागेन, तर यसले धेरै सहायता पुऱ्याएको मैले अनुभव गरें र बूढ़ीऔंला निको हुँदैगयो। नूनले बूढ़ीऔंलालाई *शुद्ध* गऱ्यो भनी तपाईं भन्न सक्नुहुन्छ।



शुद्धता वा पवित्रता त्यस्तो गुण हो जसलाई ख्रीष्टियानहरूले आफ्नो समुदायमा देखाउनुपर्छ। शुद्ध हुनु भनेको अर्थ हाम्रो जीवनमा कुनै अपवित्र कुरा रहन नदिनु हो। हामी आफै शुद्ध भएर शुद्धतातर्फ हाम्रो समुदायलाई प्रभाव पार्न सक्छौं। संसारको

आत्माले ईमानदारिता र नैतिक भलाइको तहलाई तल होच्याउने कोशिश गरिराखेको छ। बोली, व्यवहार र विचारमा पवित्रताको स्तरलाई ख्रीष्टियानले नै उच्चसाथ राखेको हुन्छ। पापचाहिँ पाक्ने सरुवा रोगजस्तै हो। यसलाई नाश गर्न र फैलिन नदिनका लागि हामीले निको पार्ने व्यक्तिको रूपमा काम गर्नुपर्छ। जब हामी पापको विरुद्धमा बोल्छौं, हामीले हाम्रो समाजमा नूनको रूपमा सेवा गरेका हुन्छौं।

*सुरक्षित* राख्नका लागि पनि नून प्रयोग गरिन्छ। उदाहरणको लागि माछा र मासुलाई सुरक्षित राख्नका लागि हामी नूनको प्रयोग गर्छौं। यसले माछा र मासुलाई कुहिनबाट जोगाउँछ। माछा मार्नेहरूले हजारौं किलो माछाहरूलाई नूनमा राखी ठूला-ठूला भाँडाहरूमा बन्द गर्छन् र धेरै समयसम्म पनि त्यो सुरक्षित रहन्छ र कुहिँदैन। तब बेच्नको लागि यसलाई पठाइन्छ।



नूनले माछा वा मासुलाई सुरक्षित राख्ने हुनाले यसलाई पछि खान सकिन्छ। मासुले आफ्नो स्वाभाविक गुणलाई कायम नै राख्छ। यसबाट यसको स्वाद हराउँदैन। ख्रीष्टियान पनि पृथ्वीको नून हुनुपर्छ। ऊ संसारमा सुरक्षित गर्ने प्रतिनिधि हुनुपर्छ। केही व्यक्तिहरूका साथमा असल हुन सजिलो पर्छ। तिनीहरू भला मानिसहरू हुन्। त्यहाँ अरूहरू पनि हुन्छन्।

जसको खराब प्रभाव हुन्छ। ख्रीष्टियानले असल कुराहरूका निम्ति अरूहरूलाई प्रभाव पार्नुपर्छ। ऊचाहिँ सुरक्षा गर्ने प्रतिनिधि हुनुपर्छ र यस दुष्ट संसारमा असल हुनका निम्ति अरूहरूलाई सजिलो पारिदिनुपर्छ।

नूनको सबैभन्दा सामान्य गुणचाहिँ स्वाद दिन सक्ने यसको योग्यता हो। यो यसैमा नुनिलो स्वादको हुन्छ, तर यसको उत्तम प्रयोगचाहिँ खानालाई स्वादिष्ट बनाउनु हो। तरकारीको लागि नून जति महत्त्वपूर्ण हुन्छ, जीवनको लागि ख्रीष्टियान विश्वास त्यसभन्दा पनि महत्त्वपूर्ण हुन्छ। ख्रीष्टियान विश्वास र यसको प्रभावलाई जीवनबाट बाहिर निकालिदिनुहोस् तब उद्देश्य र अर्थविनाको अँध्यारो जीवन तपाईंसँग रहनेछ। ख्रीष्टियान विश्वासले जीवनलाई स्वाद र अर्थ दिन्छ– जिउनको लागि यसले हामीलाई केही कुरा दिएको हुन्छ।

हामी ख्रीष्टियानहरू आफै पवित्र हुनुपर्छ र पवित्र हुनका लागि अरूहरूलाई पनि प्रभाव पार्नुपर्छ। ठीक र असल कुराहरूलाई सुरक्षित राख्नका लागि हाम्रो शक्तिले भ्याएसम्मका सबै कुराहरू हामीले गर्नैपर्छ। ख्रीष्टियान विश्वासले जीवनमा उद्देश्य दिन्छ भनी हामीले हाम्रा जीवनबाट देखाउनैपर्छ। तब येशूले भन्नुभएझैं हामी नूनजस्तै भई सेवा गर्न सक्नेछौं।

**तपाईंको अभ्यासको निम्ति**

**३** खाली ठाउँहरूमा भर्नुहोस्

**क**. शरुवा रोगचाहिँ ...................................... जस्तै हो।
**ख**. पापपूर्ण संसारमा ख्रीष्टियान........................ हुनैपर्छ।
**ग**. शुद्ध ख्रीष्टियान........................... जस्तै हो, किनकि

आफ्नो समुदायलाई शुद्ध पार्न उसले सहायता गर्छ।

४ नूनको तीन कार्यहरूको उल्लेख गर्नुहोस्। ......................

...........................................................................

५ ख्रीष्टियानहरूको हैसियतमा भएका हाम्रा जिम्मेवारीहरूमा यी प्रत्येक कार्यहरूलाई प्रयोग गर्नुहोस्। ..............................

...........................................................................

## नयाँ मन हुनु

उद्देश्य ३ *नयाँ भएको मनको प्रवृत्तिलाई परिचित गर्नुहोस्।*

हामीले भर्खरै सिकिसकेका छौं कि हाम्रो आफ्नै ज्योति हामीसँग छैन– हामीले केवल ख्रीष्टको ज्योतिलाई प्रतिबिम्बित गरेका मात्र हौं। हाम्रो संसारलाई सुरक्षा गर्ने, शुद्ध पार्ने वा स्वाद दिने शक्ति पनि हामीमा छैन। शक्ति परमेश्वरबाट आउँछ, र अरूहरूका भलाइका निम्ति उहाँको शक्ति प्रयोग गर्नका लागि उहाँले हामीलाई बुद्धि दिनुहुन्छ।

तपाईंको मनको सम्बन्धमा पनि यही कुरा सत्य छ। यसले कसरी काम गरिरहेको छ भन्ने कुरा साँच्चै तपाईं बुझ्न सक्नुहुन्न– यसलाई परमेश्वरले मात्र बुझ्न सक्नुहुन्छ। त्यसकारण, तपाईं आफ्नो मन वा विचारलाई जति-जति प्रभुमा अर्पण गर्नुहुन्छ, उहाँले त्यत्ति नै तपाईंको मनलाई अधीन गर्न सक्नुहुन्छ।

रोमी १२:२-ले बताउँछ, "यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ।"

हामीले प्रभुलाई भेट्टाउँदा परिवर्तन वा पूर्ण बदलाउले हामीमा ठाउँ लिएको हुन्छ। सबै कुराहरू नयाँ जीवनमा घट्न थाल्छ। हामी विभिन्न कुराहरूलाई भिन्नै किसिमले देख्न थाल्छौं।

हामी भिन्नै विचारहरूलाई विचार गर्न थाल्छौं। हाम्रो मन *नयाँ* भएको हुन्छ। यसको अर्थ नयाँ मनजस्तै यो सफा र शुद्ध हुन्छ। अब परमेश्वरले नै हाम्रा विचारहरू र धारणाहरू अधीन गर्नुहुन्छ।



हाम्रा मनद्वारा हामीलाई प्रभाव पार्न हामीले परमेश्वरलाई निरन्तर रूपमा अनुमति दिइरहने बानी बसाल्नु आवश्यक छ। परमेश्वरका विचारहरूद्वारा तपाईंको मनलाई प्रभाव पार्न परमेश्वरलाई मौका दिनुहोस्। तपाईंले प्रार्थना गर्नुहुँदा, तपाईं पवित्र आत्माको अगुवाइप्रति सचेत बन्नुहुनेछ। अरूहरूसँगको आफ्नो सम्बन्धमा उहाँले तपाईंलाई बुद्धि दिनुहुनेछ। तपाईंले उहाँको अगुवाइलाई पछ्याउनुहुँदा तपाईंको मन परिवर्तन र नयाँ हुनेछ, र तपाईं साँच्ची नै आफ्नो समुदायको नूंन र ज्योति बन्नुहुनेछ।

१ कोरिन्थी २:१६-मा प्रेरित पावलले भनेका छन्, "तर हामीसँग त ख्रीष्टको मन छ।" उनले फिलिप्पी २:५-मा पनि भन्छन्, "तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो।" तब ख्रीष्टमा भएको मन (प्रवृत्ति)-को बारेमा उनी अझै बताउँछन्। फिलिप्पी २:५-११-लाई पढ्नुहोस् र ख्रीष्टको

मन (प्रवृत्ति) र ती प्रवृत्तिहरूमाथि भएको परमेश्वरको प्रतिउत्तर नबुझुञ्जेलसम्म तलको तालीकालाई अध्ययन गर्नुहोस्।

| **येशूको काम** | **येशूको मनको अवस्था** | **परमेश्वरको प्रतिउत्तर** |
|---|---|---|
| उहाँले आफैलाई रित्याउनुभयो (पद ७) | समर्पित | परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो (पद ९) |
| उहाँले कमाराको रूप धारण गर्नुभयो (पद ९) | नम्र | परमेश्वरले उहाँलाई हरेक नाउँभन्दा उच्च नाउँ दिनुभयो (पद ९) |
| उहाँ आज्ञाकारिताको मार्गमा हिँड्नुभयो | आज्ञाकारी | परमेश्वरले उहाँलाई आदरको स्थान दिनुभयो (पद १०-११) |

के तपाईंको मन ख्रीष्टको जस्तै छ? के तपाईं समर्पित, नम्र र आज्ञाकारी हुनुहुन्छ? नयाँ मन अर्थात् ख्रीष्टको जस्तो मन हुनका लागि सहायता गर्नुहोस् भनी प्रभुसँग प्रार्थना गर्नुहोस्। उहाँको मन तपाईंमा हुनाले तपाईंको समुदायमा उहाँको प्रेम र सरोकार देखाउन यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।

### तपाईंको अभ्यासको निम्ति

**६** उदाहरण दिनुहोस्। तपाईं कसरी हुन सक्नुहुन्छ?

**क**. समर्पित ..................................................

**ख**. नम्र ..........................................................

**ग**. आज्ञाकारी ...............................................

**७** के तपाईं अझै हुन चाहनुहुन्छ?

**क**. समर्पित  हो....... होइन....... कहिलेकहीं .......

**ख**. नम्र  हो....... होइन....... कहिलेकहीं .......

ग. आज्ञाकारी हो....... होइन....... कहिलेकहीँ .......

८ नयाँ पारिएको मनले हामीलाई कसरी प्रभावशाली बनाउन सक्छ? ......................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५ एक ख्रीष्टियान आफ्नो वरिपरि भएकाहरूलाई निको पार्ने प्रतिनिधि हुनैपर्छ, जे कुरा ठीक छ, त्यसलाई उसले सुरक्षित राख्नैपर्छ, र ख्रीष्टले कसरी जीवनलाई अर्थपूर्ण बनाउनुहुन्छ सो उसले देखाउनैपर्छ।

१ हाम्रो बाटो देख्नका लागि हामीलाई सहायता गर्न, खतराको चेताउनी दिन थोकहरूजस्ता छन् त्यस्तै देख्नका लागि हामीलाई सहायता गर्न।

६ तपाईंको उत्तर। तीनैवटाको निम्ति के तपाईंले उदाहरणहरू विचार गर्न सक्नुभयो?

२ अरूहरूलाई ख्रीष्टकहाँ आउने बाटो देखाउन, तिनीहरूलाई पापको चेताउनी दिन र पाप कति डरलाग्दो छ भनी देख्नका लागि तिनीहरूलाई सहायता पुऱ्याउन हामी ख्रीष्टको ज्योतिलाई प्रतिबिम्बित गर्छौं।

७ तपाईंको उत्तर। यी तीन गुणहरूलाई अझै अभ्यास गरेर तपाईं आफ्नो प्रवृत्तिलाई विकास गर्न सक्नुहुन्छ।

३ क. पाप। ख. शुद्ध (पवित्र)। ग. नून

८ जब मेरो मन नयाँ हुन्छ, ममा ख्रीष्टको प्रवृत्ति (मन) हुन्छ र उहाँलाई पछ्याउनको निम्ति म अरूहरूलाई प्रभाव पार्न सक्छु।

४ शुद्ध पार्न, सुरक्षित राख्न र स्वाद दिन।